नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०८२/०६/३०

भाग–१

## नगराईन नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश, नेपाल

**नगराईन नगरपालिकाको योजना संचालन, अनुगमन र भुक्तानी व्यवस्थापन सम्बन्धि कार्यविधि -२०८२**

नगराईन नगरपालिकाको प्रशासकीय (कार्यविधि) नियमित गर्ने ऐन २०७५ को दफा ४ को उपदफा (१) बमोजिम नगराईन नगरपालिका नगर कार्यपालिकाले बनाएको तल उल्लेख गरे बमोजिमको कार्यविधि सर्व साधारण सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत २०८२ सालको कार्यविधि नं . .............

## नगराईन नगरपालिकाको योजना संचालन , अनुगमन र भुक्तानी व्यवस्थापन सम्बन्धि कार्यविधि -२०८२

**प्रस्तावना**

नेपालको संबिधान र स्थानीय सरकार संचालन ऐन,२०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको जिम्मेवारी र अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धि योजनाहरुको संचालन अनुगमन र भुक्तानी प्रकृयालाई पारदर्शी र सहज गर्न नगराईन नगरपालिकाको प्रशासकीय (कार्यविधि) नियमित गर्ने ऐन २०७५ को दफा ४ (१) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ प्रयोग गरि नगराईन नगर कार्यपालिकाले योजना संचालन, अनुगमन र भुक्तानी व्यवस्थापन सम्बन्धि कार्यविधि -२०८२ नगर कार्यपालिकाबाट स्वीकृत गरि लागु गरेको छ।





### परिच्छेद – १
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "नगराइन नगर पालिकाको योजना संचालन , अनुगमन र भुक्तानी व्यवस्थापन सम्बन्धि कार्यविधि -२०८२' रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२) **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) " ऐन '' भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउछ।

ख) "कार्यालय" भन्नाले नगराईन नगर कार्यपालिकाको कार्यालयलाई जनाउछ।

ग) " वडा अध्यक्ष " भन्नाले आयोजना संचालन भएको वडाको वडा अध्यक्ष सम्झनु पर्दछ।

घ) " आयोजना" भन्नाले नगराईन नगरपालिका वा सो अन्तरगत वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा संचालित योजना,कार्यक्रम वा आयोजना परियोजनालाई सम्झनु पर्दछ र सो शब्दले

नगर सभाबाट स्वीकृत,अनुमोदन पारित भएको, गैर सरकारी संघ संस्था वा अन्य सामुदायिक संस्थाको आयोजनालाई समेत जनाउने छ।

ङ) " खरिद ऐन " भन्नाले नेपाल सरकारले जारी गरेको तत्काल कायम रहेको पटक पटक संशोधन भई लागु रहेको सार्वजनिक खरिद सँग सम्बन्धि ऐन र नियमावलीलाई सम्झनु पर्दछ।

च) "अनुगमन समिति" भन्नाले नगराइन नगर कार्यपालिकाको योजना अनुगमन गरि प्रतिबेदन पेश गर्न गठन गरिएको अनुगमन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## आयोजनाको कार्यन्वयन सम्बन्धि व्यवस्था

३) **कार्यविधिको पालना :** नगरपालिका क्षेत्र भित्र कार्यन्वयन हुने आयोजनाको निर्माण,संचालन र कार्यन्वयन गर्दा यो कार्यविधिले तोकेको हकमा यसै बमोजिम र बाँकी अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ को नियमावली २०६४ (पछी हुने संशोधन व्यवस्था समेत) को परिपालना गर्नु पर्नेछ।





४) **आयोजनाको कार्यान्वयन :** क) नगराइन नगरपालिकाले खरिद गर्ने मालसामान,परामर्श सेवा,निर्माण सम्बन्धि कार्य, अन्य सेवा र विकास निर्माण सम्बन्धि कार्य गर्दा समेत नेपाल सरकारले जारी गरेको सार्वजनिक खरिद संग सम्बन्धित ऐन र नियमले तोके बमोजिम खरिद प्रकृया अनुसार गर्नु पर्नेछ।

२) आयोजनाको कार्यान्वयन गर्दा नगरपालिकामा सुचिकृत भएका फर्म र संस्थाहरुबाट कोटेशन वा सार्वजनिक बोलपत्रको माध्यमबाट खरिद गरिनेछ।

३) उपरोक्तानुसार आयोजनाको कार्यान्वयन गरिदा सो आयोजना जुन वडा कार्यालयको क्षेत्र भित्र पर्ने हो , सम्बन्धित वडा कार्यालयलाई बोधार्थ दिई सोको जानकारी दिने व्यवस्था मिलाउन पर्नेछ।

## परिच्छेद – ३

## आयोजनाको अनुगमन सम्वन्धि व्यवस्था

५) **आयोजनाको अनुगमन :** १) नगराइन नगरपालिका भित्र संचालन हुने आयोजनाहरुको अनुगमन र सुपरिवेक्षण उपप्रमुखको संयोजकत्व मा गठित नगर स्तरीय अनुगमन समितिबाट अनुगमन गरि सो अनुगमनकोअन्तिम प्रतिबेदन नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

२) यसरि आयोजनाको अनुगमन गर्दा सोको गुणस्तर सम्बन्धमा स्पष्ट लेखि आफ्नो प्रतिबेदन पेश गर्नु पर्नेछ।

३) अनुगमन समितिले अनुगमन गर्दा सम्बन्धि आयोजना लागु रहेको वडाको वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा संलग्न गराई आफ्नो प्रतिबेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद – ४

## आयोजना रकम भुक्तानी सम्बन्धि व्यवस्था

६) **आयोजनाको रकमको भुक्तानी :** १) आयोजनाको सम्पन्न भए पछी सोको अनुगमन र सुपरिवेक्षण गरे पछी सम्बन्धित समितिले आफ्नो प्रतिबेदन पेश गर्दा सम्बन्धित वडाको वडा अध्यक्षले भुक्तानीका लागि सिफारिस गरे वमोजिम भुक्तानी गरिनेछ।

२) सम्बन्धित आयोजनाका सम्पन्न भएको वडाको वडा अध्यक्षले भुक्तानीको लागि सिफारिस गर्दा भुक्तानी गर्नु पर्ने / नपर्ने आधार स्पष्ट लेखि सिफारिस गर्नु पर्नेछ।





## परिच्छेद -५

## बिबिध

७) **कालोसूची सम्बन्धि व्यवस्था :** १) स्टिमेट अनुसार काम नगरेको लाई काम सम्पन्न गरेको भनि पेश गरेको,तोकिएको गुणस्तर परिमाण अनुसार काम नगरेको लाई पुगेको प्रतिबेदन दिने लाभग्राही समूह वा प्राबिधिक कर्मचारीलाई कालो सुचिमा राखी कानुन अनुसार कारवाही गरिनेछ। सामान्यतया २० लाख भन्दा कम रकमको योजनाहरुमा पेश्की रकम उपलब्ध गराइने छैन ,अन्यको हकमा भन्ने कार्य प्रगति हेरी रनिंग बिल नियमानुसार उपलब्ध गराउन सकिनेछ।

२) कागजात वा प्रक्रिया नपुगेका वा कार्य सम्पन्न नै नगरी भुक्तानीको लागि सिफारिस गर्ने कर्मचारी वा पदाधिकारीलाई कानुन अनुसार विभागीय कारवाही गरिनेछ।

३) उपदफा (१) बमोजिम गलत काम गर्ने निर्माण व्यवसायीहरुलाई यस नगरपालिकामा अब उपरान्त कुनै काम गर्न नपाउने गरि कालो सुचिमा राखी कारवाही चलाइने छ र त्यस्तो विवरण छिमेकी स्थानीय तहहरुमा पनि पठाउन सकिनेछ।

४) उदाहरणीय काम गर्ने कर्मचारी, पदाधिकारी, निर्माण व्यवसायीलाई उचित पुरस्कारको प्रवन्ध गरि प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिनेछ।

८) **बाधा अड्काउ फुकाउ :** यस कार्यविधिमा कुनै कानुनि समस्या उत्पन्न भएमा नगर कार्यपालिकाको बैठकबाट बाधा अड्काउ फुकाउन सक्नेछ।

## परिच्छेद – ६

## खारेजी र वचाउ

९) **खारेजी :** नगराइन नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५ (पहिलो संशोधन २०७६) खारेजी गरिएको छ।

प्रमाणिकरण मिति : २०८२/०६/२३ गते

आज्ञाले,
राम गुलाम लाल कर्ण
प्रमुख प्रशासकीय अधिकृत

नगराईन नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. ५/-



खण्ड : १ संख्या : १ मिति : २०८२/०६/३०